# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१ ] काठमाडौं, फागुन २० गते २०२८ साल [ अतिरिक्ताङ्क ५६ + (क)

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभाग

#### निजामती सेवा (सातौं संशोधन) नियमावली २०२८

निजामती सेवा नियमावली २०२१ (यसपछि "मूल नियमावली भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "निजामती सेवा (सातौं संशोधन) नियमावली २०२८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको परिच्छेद ३ को नियम ३ मा संशोधनः– मूल नियमावलीको परिच्छेद ३ को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

३.३ राजपत्रांकित पदहरूमा बढुवाः– (१) न्याय सेवा र राजपत्रअनंकित पदबाट राजपत्रांकित सेवामा बढुवा हुने बाहेक अन्य निजामती सेवाको राजपत्रांकित पदमा बढुवा गर्न, देहायमा लेखिएबमोजिम एक बढुवा समिति रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अ) लोकसेवा आयोगको अध्यक्ष– अध्यक्ष

(आ) लोकसेवा आयोगका अध्यक्षले तोकेको उक्त आयोगको एकजना सदस्य– सदस्य

(इ) श्री ५ को सरकारको मुख्य सचिव– सदस्य

(ई) लोकसेवा आयोगको अध्यक्षले मनोनीत गरेको त्रिभुवन विश्वविद्यालयका कम्तिमा रीडर दर्जाको कुनै प्राध्यापक– सदस्य

(उ) सरोकारवाला सेवा सम्बन्धित मन्त्रालयका सचिव– सदस्य

तर सरोकारवाला सेवा सम्बन्धी सचिव पदमा बढुवा गर्नु पर्ने अवस्थामा श्री ५ को सरकारले मनोनीत गरेको श्री ५ को सरकारका अन्य एकजना सचिव सदस्य हुनेछ ।

(२) उपनियम (१) मा उल्लेख भएको बढुवा समितिको सचिवालयको रूपमा लोकसेवा आयोगको सचिवालयले काम गर्नेछ ।

(३) राजपत्रांकित पदको बढुवा विषयमा श्री ५ को सरकारको समक्ष सिफारिश प्रस्तुत गर्ने काम उपनियम (१) बमोजिम गठित बढुवा समितिको हुनेछ ।

(४) यो नियमावली प्रारम्भ भएपछि नेपाल न्याय सेवा बाहेक अन्य निजामती सेवा राजपत्रांकित पदमा बढुवा गर्दा उपनियम (१) बमोजिम गठित बढुवा समितिको सिफारिश नलिई गरिने छैन र उप-नियम (१) बमोजिम बाहेक सम्बन्धित सेवाको बढुवा-सम्बन्धी भै रहेका अरू नियमहरू बमोजिम अर्को बढुवा समितिको गठन गरिने छैन ।

(५) उपरोक्त बमोजिमको बढुवा समिति प्रत्येक तीन महीनामा बस्नेछ । तर बढुवा समितिका अध्यक्षले उचित ठानेमा जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(६) निजामती सेवाका राजपत्रांकित पदमा बढुवाको सिफारिशको लागि बढुवा समिति बोलाउनुभन्दा अगावै बढुवा हुने पदहरूको औपचारिक सूची सहितको सूचना सम्बन्धित उम्मेदवारहरूको जानकारीको लागि गोरखापत्र तथा अन्य पत्र-पत्रिकामा लोक सेवा आयोगले प्रकाशित गर्नेछ । त्यसरी प्रकाशित हुने सूचनामा बढुवा हुने पदको लागि आवश्यक पर्ने नोकरी वर्षको अनुभव र दरखास्त दिने म्याद खुलाइएको हुनुपर्छ । सम्बन्धित योग्य उम्मेदवारहरूले सोही सूचनामा तोकिएको म्यादभित्र लोक सेवा आयोगद्वारा निर्धारित ढांचामा दरखास्त लेखी लोक सेवा आयोगको कार्यालयमा दरखास्त पेश गर्नुपर्छ ।

तर विविध सेवाका बढुवा हुने पदहरूको विषयमा माथि लेखिएबमोजिम प्रकाशित गरिने सूचनामा बढुवा हुने पदको विवरण र आवश्यक शैक्षिक योग्यता समेत खोलिएको हुनुपर्छ ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कुनै योग्य उम्मेदवारको दरखास्त पेश नभएको कारणबाट निजको नाम उम्मेदवारहरूको सूचीबाट हटाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

(८) राजपत्रांकित विशिष्ट श्रेणी वा प्रथम वा द्वितीय श्रेणीमा पदोन्नतिको निमित्त उम्मेदवार बन्नको लागि एक तह मुनिको पदमा घटीमा ५ वर्ष नोकरी अवधि पुगेको हुनुपर्छ। राजपत्र अनंकित कर्मचारीहरूको हकमा प्रचलित कानूनबमोजिम हुनेछ।

तर राजपत्रांकित अधिकृतहरूको सम्बन्धमा कार्य सम्पादन सम्बन्धी मूल्यांकन फाराम २ मा कुनै अधिकृतको पदोन्नतिको निमित्त संभाव्य क्षमतामा २ वर्षसम्म लगातार असाधारण तवरले योग्य भन्ने सुपरिवेक्षकद्वारा मूल्यांकन भई मुख्य सचिवद्वारा स्वीकृत भएमा सो पदमा ४ वर्ष पुग्नासाथ पदोन्नतिको लागि संभाव्य उम्मेदवार बन्न सक्नेछ र लगातार ३ वर्षसम्म असाधारण तवरले योग्य भन्ने सुपरिवेक्षकद्वारा मूल्यांकन भएमा मन्त्रिपरिषद्को निर्णयद्वारा नोकरीको अवधि ३ वर्ष पुग्नासाथ पदोन्नतिको लागि संभाव्य उम्मेदवार बन्न सक्नेछ।

(९) उपनियम (८) को प्रयोजनको लागि श्री ५ को सरकारको स्थायी सेवाको अवधिलाई शत प्रतिशत र विकासबाट साधारणमा आउने क्रममा आएकाको र अघि विकासमा अटूट नोकरी गरी लोक सेवा आयोगको खुला प्रतियोगिताको सिफारिशमा स्थायी सेवामा आएका कर्मचारीको हकमा विकासको सेवा अवधिलाई देहायबमोजिम नोकरी गणना गरिनेछ।

(क) राजपत्रांकित प्रथम श्रेणीमा गरेको सेवा अवधिको ३३ प्रतिशत
(ख) राजपत्रांकित द्वितीय श्रेणीमा गरेको सेवा अवधिको ५० प्रतिशत
(ग) राजपत्रांकित तृतीय श्रेणीमा गरेको सेवा अवधिको ६६ प्रतिशत
(घ) राजपत्रअनंकित पदमा गरेको सेवा अवधिको ७५ प्रतिशत

तर विकास वा अस्थायी सेवामा २०२६ साल मार्ग ११ गतेभन्दा पहिले नियुक्ति भई काम गरेको अवधिलाई मात्र यस उपनियमको प्रयोजनको लागि गणना गरिनेछ।

(१०) उपनियम (१) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवाका राजपत्रांकित प्रथम र द्वितीय श्रेणीको रिक्त पदहरूमा बढुवा गर्दा प्रथम दुईवर्ष २५ प्रतिशत तत्पश्चात उक्त प्रतिशतलाई बढाउन सक्ने गरी लोक सेवा आयोगमार्फत गोरखापत्र तथा अन्य पत्रपत्रिकामा विज्ञापन गरी आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा गरिनेछ।

तर यो सिद्धान्त यो नियमावली प्रारम्भ भएको मितिले १ वर्षपछि मात्र लागू हुनेछ।

(११) उपनियम (१०) बमोजिम कुनै श्रेणीको रिक्त पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि सोही सेवाको एक तह मुनिको योग्यता पुगेका कर्मचारीहरूले मात्र दरखास्त दिन र परीक्षामा भाग लिन पाउने छन्। तर देहायका सेवाका रिक्त पदहरूको हकमा भने सो मध्ये कुनै पनि सेवाको एक तह मुनिका योग्यता पुगेका कर्मचारीहरूले भाग लिन पाउने छन्।

(क) नेपाल प्रशासन सेवा
(ख) नेपाल शिक्षा सेवा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 226

(ग) नेपाल वैदेशिक सेवा

(घ) नेपाल न्याय सेवा]

(ङ) राष्ट्रिय पञ्चायत सेवा ।

(१२) उपनियम (१०)[बमोजिम पूर्ति हुने पदको सम्बन्धमा लोक सेवा आयोग-बाट प्रकाशित हुने विज्ञापनमा बढुवा हुने पदहरूको विवरण, आवश्यक शैक्षिक योग्यता एवं नोकरी वर्ष, उम्मेदवारहरूले दिनु पर्ने दरखास्तको ढांचा र तरीका आदि खुलाइएको हुनुपर्छ ।

(१३) विशिष्ट पद भन्नाले देहायका पदहरू सम्झनुपर्छ–

(क) श्री ५ को सरकारको सचिव वा सो सरहको पद

(ख) श्री ५ को सरकारको सह-सचिव वा सो सरहको पद ।

(१४) बढुवा सम्बन्धमा यस नियमभित्र नपरेको विषयमा वा नियमभित्र परेको विषयमा पनि नियमले यस्तो गर्ने भन्ने केही संकेत नगरेको विषयमा कुनै अप्रत्याशित कठिनाई आई परेमा बढुवा समितिले यो नियमको उद्देश्यको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३. <u>मूल नियमावलीको परिच्छेद ३ को नियम ४ मा संशोधनः</u>– मूल नियमावलीको परिच्छेद ३ को नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छ–

<u>३.४ राजपत्र अनंकित पदहरूमा बढुवाः</u>– (१) राजपत्र अनंकित पदमा बढुवा गर्न देहायका कार्यालयहरूको लागि देहायमा लेखिएबमोजिम बढुवा समितिहरू रहनेछन्–

(क) सर्वोच्च अदालत, कानून तथा न्याय मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, आय र कर अदालत, बाग्मती विशेष अदालत, निर्वाचन आयोग, लोकसेवा आयोग, र न्याय सेवा आयोगको लागि–

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगले तोकेको अधिकृत– अध्यक्ष

(आ) सम्बन्धित विभागीय प्रमुख सदस्य

(इ) सम्बन्धित शाखा प्रमुख वा सो नभए विभागीय प्रमुखले तोकेको अधिकृत– सदस्य

(ख) राष्ट्रिय पञ्चायत सचिवालय, मन्त्रिपरिषद् सचिवालय, प्रशासन व्यवस्था विभाग (कानून तथा न्याय मन्त्रालय बाहेक) अरू मन्त्रालयको लागि-

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगले तोकेको अधिकृत– अध्यक्ष

(आ) विभागीय प्रमुख सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(इ) सम्बन्धित मन्त्रालय, सचिवालय वा विभागको सम्बन्धित शाखाको उपसचिव वा विभागीय प्रमुखले तोकेको अधिकृत– सदस्य

(ग) अञ्चल अदालतको लागि–

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगले तोकेको अधिकृत– अध्यक्ष

(आ) अञ्चल न्यायाधीश वा निजले तोकेको अधिकृत सदस्य

(इ) अञ्चल न्यायाधीशले तोकेको अन्य कुनै अधिकृत सदस्य

(घ) जिल्ला अदालतको लागि-

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगले तोकेको अधिकृत अध्यक्ष

(आ) अञ्चल न्यायाधीश वा निजले तोकेको अधिकृत सदस्य

(इ) सम्बन्धित जिल्ला न्यायाधीशले वा निज नरहेको अवस्थामा अञ्चल न्यायाधीशले तोकेको कुनै जिल्ला न्यायाधीश सदस्य

(ङ) सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि-

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगले तोकेको अधिकृत । अध्यक्ष

(आ) अञ्चल न्यायाधीश वा निजले तोकेको अधिकृत– सदस्य

(इ) सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता– सदस्य

(च) सहायक सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि–

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगले तोकेको अधिकृत– अध्यक्ष

(आ) सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता वा निजले तोकेको कुनै अधिकृत– सदस्य

(इ) सम्बन्धित सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता सदस्य

(छ) वागमती अञ्चलभित्रका खण्ड (ग), (घ), (ङ) र (च) मा परेको अदालत र कार्यालयहरू बाहेक अन्य अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि-

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगले तोकेको अधिकृत– अध्यक्ष

(आ) विभागीय प्रमुख सदस्य

(इ) सम्बन्धित मूल अड्डा प्रमुख वा विभागीय प्रमुखले तोकेको अधिकृत– सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) वाग्मती अञ्चल बाहेक अन्य अञ्चलभित्रका खण्ड (ग), (घ), (ङ), (च) र (छ) मा परेका अदालत र कार्यालयहरू बाहेक अन्य अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि

(अ) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य वा लोकसेवा आयोगले तोकेको अधिकृत– अध्यक्ष

(आ) अञ्चलाधीश वा निजले तोकेको प्रमुख जिल्ला अधिकारी- सदस्य

(इ) सम्बन्धित मूल अड्डा प्रमुख वा निज नरहेको अवस्थामा बढुवा समितिको अध्यक्षले तोकेको अधिकृत– सदस्य

(२) तृतीय श्रेणी र सो भन्दा माथिको राजपत्र अनंकित पदहरूका सम्बन्धमा उपनियम (१) बमोजिमको बढुवा समितिको परामर्श लिई देहायका पदहरूमा बढुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ र त्यस्तो बढुवासम्बन्धी कारवाई चलाउने कर्तव्य ती अधिकारीको नै हुनेछ ।

(क) विभागीय प्रमुखको कार्यालयको राजपत्र अनंकित मूल अड्डा प्रमुख लगायत अन्य राजपत्र अनंकित पदको लागि विभागीय प्रमुख

(ख) मूल अड्डा प्रमुखको कार्यालय र निज मातहतको कार्यालयको राजपत्रअनंकित पदको लागि मूल अड्डा प्रमुख ।

(३) प्रत्येक बढुवा समितिको बैठक राजपत्र अनंकित प्रथम श्रेणीको हकमा अञ्चलको सदरमुकाम र राजपत्र अनंकित द्वितीय र तृतीय श्रेणीको लागि जिल्लाको सदरमुकाममा वर्षको एक पटक बस्नेछ ।

तर आवश्यक परेमा उपनियम (२) बमोजिमको अधिकारीले सो भन्दा अगावै पनि बढुवा समितिको बैठक बोलाउने सम्बन्धमा कारवाही चलाउन सक्नेछ ।

(४) राजपत्र अनंकित प्रथम श्रेणीको पदमा बढुवा हुन एक तह मुनिको पदमा तीन वर्ष नोकरी अवधि पुगेको र अन्य पदको लागि एक तह मुनिको पदमा दुइ वर्ष नोकरी अवधि पुगेको कर्मचारी संभाव्य उम्मेदवार बन्न सक्नेछ र यस्ता कर्मचारीलाई मात्र बढुवाको निमित्त बढुवा समितिले विचार गर्नेछ ।

स्पष्टिकरणः– संभाव्य उम्मेदवार भन्नाले देहायको कार्यालयका सम्बन्धमा देहाय बमोजिमका कर्मचारीहरू हुनेछन्–

(क) मन्त्रालय, सचिवालय, प्रशासन व्यवस्था विभाग तथा वाग्मती अञ्चलभित्रका अन्य सरकारी कार्यालयहरूको राजपत्र अनंकित प्रथम श्रेणीको पदमा बढुवा को निमित्त एकै मन्त्रालय, सचिवालय, विभाग तथा कार्यालय अन्तर्गतका त्यस रिक्त पदको एक तह मुनिका कर्मचारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

(ख) वाग्मती अञ्चल बाहेक अरू अञ्चलका हकमा अञ्चल तथा जिल्लाका कार्यालयहरूमा राजपत्र अनंकित प्रथम श्रेणीको पदमा बढुवाको निमित्त त्यस्तो अञ्चलभित्रका एक विभागीय प्रमुख मातहतका कार्यालयमा रहेको त्यस्ता रिक्त पदको एक तह मुनिको कर्मचारी ।

तर त्यस्तो एक विभागीय प्रमुख मातहतको कार्यालयमा त्यस्तो उम्मेदवार नभएमा त्यस अञ्चलभित्रको अन्य कार्यालयहरूमा रहेको एक तह मुनिका सबै कर्मचारी संभाव्य उम्मेदवार हुनेछन् ।

(ग) राजपत्र अनंकित प्रथम श्रेणी बाहेक अन्य राजपत्र अनंकित पदहरूमा बढुवाको निमित्त सम्बन्धित कार्यालयमा रिक्त रहेको पदको एक तह मुनिको सबै कर्मचारी ।

४. मूल नियमावलीको परिच्छद ३ को नियम ५ मा संशोधनः– मूल नियमावलीको परिच्छेद ३ को नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ ।

३.५ बढुवा गर्दा कार्यक्षमताको मूल्यांकन गर्ने आधारः– (१) प्रत्येक निजामती सेवाका कर्मचारीहरूलाई बढुवा गर्दा यस नियमावलीबमोजिम निजको कार्यक्षमताको मूल्यांकन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीलाई सबै भन्दा पहिले बढुवा गरिनेछ । कुनै पनि निजामती सेवामा बढुवा गर्दा यस नियमावलीबमोजिम बाहेक सम्बन्धित सेवाको बढुवा सम्बन्धी भै रहेका अरू नियमहरूबमोजिम कार्यक्षमताको आधार कायम गरिने छैन ।

तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरूको हकमा देहायको क्रमले निर्णय गरिनेछ ।

(क) एक श्रेणी मुनिको पदमा गरेको नोकरी वर्षका आधारमा ।

(ख) खण्ड (क) बमोजिम पनि निर्णय हुन नसकेमा त्यस भन्दा एक तह मुनिकापदमा गरेको नोकरी वर्षका आधारमा ।

(ग) खण्ड (ख) बमोजिम पनि निर्णय हुन नसकेमा लोकसेवा आयोगले सिफारिश गरेको योग्यताक्रमको आधारमा ।

(२) कार्यक्षमताको मूल्यांकनको निमित्त देहायका विषयहरू लिइनेछन्ः–

(क) ज्येष्ठता

(ख) अनुभव

(ग) शैक्षिक योग्यता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विशेष क्षमता

(ङ) कार्य सम्पादनसम्बन्धी मूल्यांकन ।

(३) ज्येष्ठताको लब्धांक गणना गर्दा देहायको पदमा काम गरेको प्रत्येक वर्षको लागि देहायबमोजिम अंक दिइनेछः–

| | | |
|---|---|---|
| (क) राजपत्रांकित | प्रति वर्ष | ५ |
| (ख) राजपत्र अनंकित | प्रति वर्ष | ३ |

(४) अनुभवको लब्धांक गणना गर्दा देहायको अनुभवको लागि देहायबमोजिम अंक दिइनेछ ।

(क) देशको विभिन्न भौगोलिक क्षेत्रहरूलाई क्रमशः "क", "ख", "ग", "घ" र "ङ" ५ वर्गमा विभाजन गरी प्रत्येक वर्गमा काम गरेको अनुभव वापत प्रति वर्षको लागि देहायबमोजिम–

(अ) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ५ को दरले अधिकतम २५

(आ) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ४ को दरले अधिकतम २०

(इ) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३ को दरले अधिकतम १५

(ई) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि २ को दरले अधिकतम १०

(उ) "ङ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि १ को दरले अधिकतम ५

तर माथि लेखिएका सबै भौगोलिक क्षेत्रमा काम गरे वापत पाउने अंक २५ नम्बर भन्दा बढी हुनेछैन ।

(ख) खण्ड (क) को प्रयोजनको लागि क्षेत्र विभाजन गर्दा सेवासम्बन्धी मन्त्रालयको प्रचलित क्षेत्र वर्गीकरणलाई यथावत राखी सो वर्गीकरणलाई खण्ड (क) बमोजिमको वर्गसंग मिल्ने गरी अनुभवको लब्धांक गणना गर्नु पर्नेछ । क्षेत्र वर्गीकरण नभएका सेवासम्बन्धी मन्त्रालयले खण्ड (क) बमोजिमको क्षेत्रको वर्गीकरण गर्नु पर्नेछ ।

(ग) कुनै पनि क्षेत्रमा एक वर्ष भन्दा कम अवधिको लागि पदस्थापन भएकोमा वा पदस्थापन भएको क्षेत्र बाहेक अन्य क्षेत्रमा काजमा रहेको अवधिको लागि कुनै अंक दिइने छैन । तर एक वर्ष भन्दा बढी महीना पदस्थापन भएको क्षेत्रमा बिताए जति अवधिको लागि दामासाहीबाट अंक दिइनेछ ।

स्पष्टीकरणः– यस खण्डको प्रयोजनको लागि एक वर्ष भन्नाले सार्वजनिक बिदा, बिरामी बिदा, भई परी आउने बिदा, घर बिदा र शनिश्चरबारको बिदा समेत कट्टा गरी हाजिर भई काम गरेको दिनलाई मान्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) देहायको तालीम प्राप्त गरे वापत देहायबमोजिम अंक दिइनेछ –

| तालीम | कश्रेणी | खश्रेणी | गश्रेणी | कैफियत |
|---|---|---|---|---|
| सेवाकालिन तालीमः– | | | | |
| (१) सैद्धान्तिक | १५ | १० | ५ | |
| (२) अभ्यासात्मक | १५ | १० | ५ | |
| (३) वैदेशिक तालीम | २५ | २० | १५ | प्रत्येक विषयमा सबै भन्दा बढी अंक पाउने एक पटकको तालीमको अंक मात्र गणना गरिनेछ । कम्तिमा एक महीना सम्मको देशभित्र लिएको सेवाकालीन तालीमलाई अंक दिइने र श्रेणी नखुलेको यस्तो तालीम वापत एक मुष्ट अंक १० दिइनेछ । तर त्यस्तो सेवाकालीन अभ्यासात्मक तालीम वापत अंक पाउने व्यवस्था श्री ५ को सरकारले तोकेको मितिदेखि मात्र लागू हुनेछ । |

वैदेशिक तालीममा पठाउने मन्त्रालय, विभाग वा कार्यालयले मनोनीत उम्मेदवारले प्राप्त गरेको तालीमलाई "क", "ख", र "ग" श्रेणी छुट्याई मूल्यांकन गरी पठाउन सम्बन्धित तालीम दिने संस्थालाई अनुरोध गर्नु अनिवार्य हुनेछ ।

वैदेशिक तालीम लिई सकेका कर्मचारीहरूको हकमा प्रमाणपत्रमा श्रेणी नखोलिएको भए उपरोक्त प्रत्येक एक मुष्ट औसत अंक २० दिइनेछ । तर संस्थागत प्रमाणपत्र प्राप्त नगरेकोलाई र तीन महीना भन्दा कम अवधिको तालीम प्राप्त गरेकोलाई कुनै अंक दिइने छैन ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) शैक्षिक योग्यताको आधारमा अङ्क गणना गर्दा देहायको योग्यताको लागि देहायबमोजिम अंक दिइनेछ –

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १. एस.एल.सी. वा सो सरह | ३० | २५ | २० | कम्पार्टमेण्टल परीक्षा पास गरेकोमा तृतीय श्रेणी बापतको अङ्क दिइनेछ र कुनै उपाधिहरूमा श्रेणी नखुल्ने भए त्यस्तो उपाधि वा डिप्लोमा द्वितीय श्रेणी बापत एकमुष्ट अङ्क दिइनेछ । |
| २. इण्टरमिडियट वा सो सरह | ३० | २५ | २० | |
| ३. स्नातक उपाधि वा सो सरह | ३० | २५ | २० | |
| ४. मास्टर डिग्री वा सो सरह | ३० | २५ | २० | ६ महीनाभन्दा कम अवधिको स्नातकोत्तर डिप्लोमाको लागि कुनै अङ्क दिइने छैन । |
| ५. एक स्नातकोत्तर डिप्लोमा वा | २० | १५ | १० | अतिरिक्त स्नातकोत्तर डिग्री भन्नाले बी. एल. डिग्री समेतलाई जनाउनेछ । |
| एक अतिरिक्त स्नातकोत्तर डिग्री | ३० | २५ | २० | समुद्रपारका कुनै शिक्षण संस्थाबाट स्नातकोपाधि पछि पीएच. डी. गरेका व्यक्तिको हकमा मास्टर डिग्रीको द्वितीय श्रेणीका २५ अङ्क थप दिइने छ । |
| वा पीएच. डी. पोष्ट डक्टोरल रिसर्च डिग्री जस्तै एल.एल. डी. डी. एस्सी., डी. लिट. आदि | ३५ एक मुष्ट | | | |
| | ४० एक मुष्ट | | | |

विभिन्न शैक्षिक योग्यता अन्तर्गत पर्ने उपाधिहरूको स्तर कायम गर्न श्री ५ को सरकार शिक्षा मन्त्रालयले त्रिभुवन विश्वविद्यालयसंग परामर्श गरी एक समान उपाधि निर्धारण समिति गठन गर्नेछ र सो समितिले कुन शिक्षण संस्थाको डिग्री कुन सरहको हुनेछ भन्ने कुराहरू निर्धारण गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आई. ए. वा बी. ए. वा सो सरहको शैक्षिक योग्यता आवश्यक नपर्ने राजपत्र अनङ्कित पदहरूमा बढुवा गर्दा ६ महीना वा सो भन्दा बढी अवधिको तालीम वा डिप्लोमा हासिल गरेका कर्मचारीले पाउने अङ्क यकीन गर्न समान उपाधि निर्धारण समितिमा पठाइनेछ, सो समितिबाट माथि लेखिएबमोजिम शैक्षिक योग्यताको स्तर निर्धारण हुन नसकेमा त्यस्तो तालीम वा डिप्लोमा बापत निम्नबमोजिम अङ्क दिइनेछ ।

तालीम वा डिप्लोमाको:-

| | | |
|---|---|---|
| (क) प्रथम श्रेणी बापत | अङ्क | ३० |
| (ख) द्वितीय श्रेणी बापत | अङ्क | २५ |
| (ग) तृतीय श्रेणी बापत | अङ्क | २० |
| (घ) श्रेणी नखुलेकोमा एकमुष्ट | | २५ |

(६) विशेष क्षमताको लब्धाङ्क गणना गर्दा देहायको काम कुराहरूको लागि देहायबमोजिम अङ्क दिइनेछ--

(क) श्री ५ महाराजाधिराजबाट बक्सेका अनुसूची ७ मा उल्लिखित पदक, अलङ्कार र विभूषण तक्मामध्ये सम्बन्धित कर्मचारीले पाएको सबैभन्दा उच्च एकको लागि सोही अनुसूचीमा तोकिएको अङ्क--

तर यस खण्डको प्रयोजनको लागि कर्मचारीले सेवामा प्रवेश गर्नुभन्दा पहिले पाएको पदक, अलङ्कार, विभूषण, तक्माको लागि कुनै अङ्क दिइने छैन । एक पटकको बढुवामा अङ्क दिइसकिएकोमा त्यस्तो पदक आदिलाई अर्को पटकको बढुवामा पुनः अङ्क दिइने छैन ।

(ख) श्री ५ महाराजाधिराजबाट बक्सेका प्रशंसापत्रहरू बापत--

| अत्युत्तम क. श्रेणी | उत्तम ख. श्रेणी | सन्तोषजनक ग. श्रेणी | कैफियत |
|---|---|---|---|
| २५ | २० | १५ | पाएका प्रशंसापत्रहरूमध्ये सबैभन्दा बढी अङ्क पाउने प्रशंसापत्रहरूको मात्र गणना गरिनेछ र श्रेणी नखुलेकोमा ख. श्रेणी सरहको अङ्क दिइनेछ । तर सेवामा प्रवेश गर्नुभन्दा पहिले पाएको प्रशंसापत्रलाई कुनै अङ्क दिइने छैन । |

(ग) अनुसन्धानात्मक प्रकाशित कृति बापत

| क. श्रेणी | ख. श्रेणी | ग. श्रेणी | कैफियत |
|---|---|---|---|
| २५ | २० | १० | खोजपूर्ण कृतिहरूको लागि मान, पदवी, तक्मा वा प्रशंसापत्रबाट पुरस्कृत भएको भए दोहोरो अङ्क नपाउने गर्न कुनै एकमा जसबाट बढी अङ्क पाउने हुन्छ सोही अङ्क मात्र दिइनेछ । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

पीएच. डी. को सिलसिलामा गरेको अनुसन्धान बापत वा अनुसन्धानकै कार्यको लागि नियुक्ति गरिएका कर्मचारीले गरेको अनुसन्धान बापत उपरोक्त अङ्क दिइने छैन ।

अनुसन्धानात्मक प्रकाशित कृतिको वर्गीकरण र मूल्याङ्कनको लागि सम्बन्धित कर्मचारीले आफ्नो विभागीय प्रमुख समक्ष आवेदनपत्र दिनु पर्नेछ । आवेदनपत्र प्राप्त भएको ७ दिनभित्र सम्बन्धित विभागीय प्रमुखले मूल्याङ्कनको लागि उक्त कृति लोक सेवा आयोगमा पठाउनु पर्नेछ ।

यसरी कृति प्राप्त भएको ३५ दिनभित्र लोक सेवा आयोगले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभागबाट कम्तीमा रिडर दर्जाका सम्बन्धित दुईजना प्राध्यापकहरू वा त्यस्तो प्राध्यापकहरू हुने विभाग नभएमा कुनै स्वीकृत संस्थाबाट विषय सम्बन्धी लब्धप्रतिष्ठ दुईजना विशेषज्ञ र अन्य एकजना लब्धप्रतिष्ठ विद्वान् विशेषज्ञ समेत ३ जनाको समिति गठन गरी मूल्याङ्कन गर्न लगाई यसको एक एक प्रति प्रशासन व्यवस्था विभागमा र सम्बन्धित विभागीय प्रमुखकहाँ पठाउनु पर्नेछ । यस्तो समितिबाट सिफारिश भएबमोजिम "क", "ख" र "ग" श्रेणीमा वर्गीकरण र मूल्याङ्कन गरिनेछ र सोही आधारमा बढुवा समितिले अङ्क निर्धारण गर्नेछ ।

(घ) लोक सेवा आयोगको सिफारिशमा स्थायी पदमा स्थायी रूपमा शुरू भर्ना भएको बापत १० अङ्क एकमुष्ट ।

(ङ) स्वास्थ्य बापत–

| अत्युत्तम क. श्रेणी | उत्तम ख. श्रेणी | सामान्य ग. श्रेणी | कम घ. श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १० | ७ | ३ | ० | |

स्वास्थ्य परीक्षा सम्बन्धी प्रतिवेदनको ढाँचा अनुसूची ८ बमोजिम हुनेछ । कर्मचारीको शारीरिक स्थितिलाई "क", "ख", "ग" र "घ" श्रेणीमा वर्गीकरण गरी स्वास्थ्यको मूल्याङ्कन गरिनेछ र सोहीबमोजिम निर्धारित अङ्क दिइनेछ । सो बमोजिम मूल्याङ्कनको लागि स्वास्थ्य मन्त्रालयले वीर अस्पताल वा अन्य स्वास्थ्य संस्थाबाट २ जना चिकित्सक, १ जना अवकाशप्राप्त प्रतिष्ठित चिकित्सक र १ जना शाही चिकित्सक समेत भएको एक स्वास्थ्य समिति गठन गर्नेछ । काठमाडौं उपत्यका बाहिरका जिल्लाहरूमा काम गर्ने कर्मचारीहरूको हकमा उपरोक्त स्वास्थ्य समितिको सिफारिशमा मनोनीत चिकित्सक वा श्री ५ को सरकारले खटाएको चिकित्सकको दलले परीक्षा गरी मूल्याङ्कन गर्नेछ । विदेशमा रहेका कर्मचारीहरूको स्वास्थ्य परीक्षा त्यस्तो विदेशी मुलुकको स्वीकृत चिकित्सकबाट गराउनु पर्नेछ । उपरोक्त बमोजिम एक पटक गरिएको स्वास्थ्य सम्बन्धी मूल्याङ्कन काठमाडौं उपत्यकाभित्रका राजपत्राङ्कित कर्मचारीहरूको हकमा २ वर्ष राजपत्र अनङ्कित कर्मचारीको हकमा ३ वर्ष र काठमाडौं उपत्यका बाहिरका सम्पूर्ण कर्मचारीको हकमा ५ वर्षसम्म मान्य हुनेछ । यस प्रकार गरिने स्वास्थ्य परीक्षा निःशुल्क गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) कार्य सम्पादन सम्बन्धी प्रतिवेदनको लब्धाङ्क गणना गर्दा देहायका कार्य तथा गुणहरूलाई देहायबमोजिम अङ्क निर्धारण गरी त्यसको आधारमा गणना गरिनेछ तर कार्य सम्पादन सम्बन्धी मूल्याङ्कन फाराम नं. २ को हकमा सो फाराम भर्ने अनुसूची ३ मा उल्लेखित अवधि नपुगेसम्म साविक भइरहेको गोप्य प्रतिवेदनबाट पछिल्लो २ वर्षको काम सम्बन्धी मूल्याङ्कन गरिनेछ ।

| मूल्याङ्कन | कार्य संपादन | व्यक्तित्व गुणहरू | पदोन्नतिको संभाव्य क्षमता | |
|---|---|---|---|---|
| असाधारण | ५० | ६० | असाधारण तवरले योग्य | १० |
| अत्युत्तम | ३० | ३६ | अति योग्य | ७ |
| उत्तम | २० | २४ | योग्य | ३ |
| सामान्य | १० | १२ | अतिरिक्त तालीम आवश्यक | ० |
| असन्तोषजनक | ० | ० | | |

(८) कुनै उम्मेदवारको सम्बन्धमा उप-नियम (४) को खण्ड (घ) उप-नियम (६) को खण्ड (ख) र खण्ड (ग) बापत प्राप्त अङ्कको आधारमा कार्यक्षमताको मूल्याङ्कन गरी निजको बढुवा भैसकेपछि सोही अङ्क निजको अर्को बढुवामा गणना गरिने छैन । तर अर्को नयाँ तालीम वा अनुसन्धान वा कृति बापत पुनः निर्धारित अङ्क पाउनमा बाधा पुऱ्याएको मानिने छैन ।

(९) प्रत्येक निजामती सेवाको पदमा बढुवा हुँदा सो बढुवामा स्थान नपाई चित्त नबुझ्ने उम्मेदवारले बढुवाको निर्णयउपर उप-नियम (१०) को म्यादभित्र आफूले बढुवा पाउन पर्ने प्रष्ट आधारहरू भए सो समेत खुलाई राजपत्राङ्कित स्तरको कर्मचारी भए लोक सेवा आयोगमा र राजपत्र अनङ्कित स्तरको कर्मचारी भए लोक सेवा आयोगमा वा लोक सेवाआयोगले अधिकार प्रत्यायोजन गरेको श्री ५ को सरकारको कार्यालयमा उजूर गर्न सक्नेछ र त्यस्तो उजूरीमा कारवाई गर्नुपर्नेछ ।

(१०) बढुवा समितिद्वारा बढुवा हुनेहरूको सिफारिश भई सकेपछि लोक सेवा आयोगद्वारा त्यसरी बढुवा हुनेहरूको नामावली प्रकाशन हुनेछ । नामावली प्रकाशित भए तापनि बढुवाको सिफारिश भएका उम्मेदवारहरूलाई बढुवा पूर्जी नदिई तीन महीनासम्म प्रतिक्षा सूचीमा राखिनेछ र यसमा कसैको चित्त नबुझी उप-नियम (९) बमोजिम उजूरी दिनु परेमा नामावली प्रकाशन भएको ३५ दिनभित्र राजपत्राङ्कित कर्मचारी भए लोक सेवा आयोगमा उजूरी दिन सक्नेछ र उजूरी परेकोमा लोक सेवा आयोगले यस्ता उजूरीहरूउपर कारवाई गरी प्रकाशित नामावलीमा संशोधन गर्नुपर्ने उचित कारण भएमा बढुवा समितिलाई समेत सूचना दिई संशोधन गर्नेछ र यसै आधारमा लोक सेवा आयोगले नामावली पहिलो पटक प्रकाशन भएको मितिले ३ महीना ननघाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संशोधित नामावली पुनः प्रकाशन गर्नेछ । कुनै उजूरी नपरेमा पनि लोक सेवा आयोगद्वारा बढुवाको नामावली पहिले प्रकाशन भएको मितिले ३ महीनामा कर्मचारीहरूको बढुवाको सिफारिश सदर भएको मानिनेछ ।

(११) उजूरी आधारहीन ठहरिए उजूरीपछि हुने बढुवामा सम्बन्धित उजूरवाला राजपत्राङ्कित अधिकृत भए ५ प्रतिशत र राजपत्र अनङ्कित कर्मचारी भए ३ प्रतिशत अङ्क प्राप्ताङ्कमध्येबाट काटिनेछ ।

५. मूल नियमावलीको अनुसूचीमा संशोधनः– (१) मूल नियमावलीको अनुसूची ३ को फाराम १ र फाराम २ को देहाय नं. ५ र ४ को पछि क्रमशः ६ र नं. ५ हुने गरी देहायको प्रकरण थप गरिएको छ–

"एउटा अवधिभित्र एकभन्दा बढी सुपरिवेक्षकको सुपरिवेक्षणमा रही काम गरेका कर्मचारीको यस्तो फर्म भर्नुपरेमा उपरोक्त अवधिको अन्त्यमा जो सुपरिवेक्षक हुनेछ उसले पूरै अवधिको फर्म भर्नुपर्छ ।"

(२) मूल नियमावलीको अनुसूची– ८ को सट्टा देहायको अनुसूची– ८ राखिएको छ ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–८

(नियम ३.५ को उप-नियम (६) (ङ) संग सम्बन्धित)

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग

स्वास्थ्य परीक्षा समिति

## स्वास्थ्य परीक्षा सम्बन्धी विवरण

(स्वास्थ्य परीक्षाको निमित्त कर्मचारीले भर्नुपर्ने फाराम)

निम्न लेखिएबमोजिम विवरण ठीक छ कुनै कुरा झुठो लेखिएको वा जानाजानी साँचो कुरा दबाउने उद्देश्यले लेखिएको ठहरे कानूनबमोजिम सजाय स्वीकार गर्नेछु ।

मिति ............... सम्बन्धित कर्मचारीको दस्तखत

कर्मचारीको नाम ...............

दर्जा ...........

जन्मेको मिति ........ विवाहित । अविवाहित ........ नोकरी वर्ष ...

हालको ठेगाना ..................................................

---

१) कुनै रोग वा दुर्घटनाले चिरफार गर्नुपरेको छ कि छैन ?

२) भए कहिले के को निमित्त ........

३) कुनै कडा रोगको औषधि उपचार गर्नुपरेको छ छैन ?

४) आफू वा आफ्नो नजिकको नातेदार कोहीलाई मुटुको रोग,मधुमेह, क्षयरोग, दम, कैंसर, छारेरोग, मानसिक रोग, पक्षघात भएको छ छैन ?

भए कसलाई के भएको ................

५) तपाईंले हालसालै डाक्टर जँचाउनु भएको थियो कि ?

भए के को निमित्त ? ...............

दैनिक बानी

१) तपाईं कुनै औषधि प्रतिदिन प्रयोग गर्नु हुन्छ हुन्न ?

भए के कस्तो औषधि ...............

२) धुम्रपान दैनिक ?– चुरोट ओटा ........... पाइप पटक ........ तमाखु पटक

३) के तपाईंको अक्क अम्मल पनि छ कि ? छ भने के कति ? ................

४) के तपाईं मनोरञ्जन गर्नुहुन्छ ? भए कति बेर ?

---

मेडिकल बोर्डले भर्ने

स्वास्थ्य वर्गीकरण ?

टिप्पणी ............

मितिः– ........... सही ..................

## स्वास्थ्य परीक्षा सम्बन्धी
## प्रतिवेदन

(क) । संख्या

। नाम .............. जन्मेको मिति ..........

। दर्जा .............. पुरुष । स्त्री ...... विवाहित वा अविवाहित

। कार्यालय .............................. धर्म ..........

। स्थायी घरको ठेगाना ..................

। हाल बसेको घरको ठेगाना ..........

(ख) । कुनै शारीरिक कमजोरी वा असमर्थता

। भए त्यस्तो विवरण खुलाउने

।

।

| (ग) । काम गर्नको लागि | कम | सामान्य | उत्तम | अत्युत्तम |
|---|---|---|---|---|
| । शारीरिक क्षमताको ] | । | । | । | । |
| । सामूहिक मूल्याङ्कन | । | । | । | । |

(घ) । कैफियत

।

।

।

।

मितिः– ............

| | | |
|---|---|---|
| .............. | .............. | .............. |
| (चिकित्सकको दस्तखत) | (चिकित्सकको दस्तखत) | (चिकित्सकको दस्तखत) |

..............

(चिकित्सकको दस्तखत)

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

NAME: .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. ..

## MEDICAL EXAMINATION FORM

To be completed by the examining Physician

GENERAL: General appearance: Height
Skin Scalp Weight

EYES: Gross Vision: (right) (left) Pupils: Fundi (if indicated)
Vision with glasses: (right) (left)

HEARING: (test by whispering) Eardruma:
Right: Normal Sufficient Insufficient
Left: Normal Sufficient Insufficient

NOSE, MOUTH AND NECK:
Nose Tongue Pharynx
Teeth Tonsils Thyroid

CARDIO-VASCULAR SYSTEM:
Pulse Apex beat Ausculation
Blood pressure Arteries Varicose veins
Eletrocardiogram (if indicated)

RESPIRATORY SYSTEM:
Thorax: (Breasts):

DIGESTIVE SYSTEM:
Abdomen Liver Spleen
Hernia Rectal

NERVOUS SYSTEM:
Relfexes: Pupils (to light) Patellar Achilles
(on accomodation) Plantar
Motor functions Sensory functions
Muscular tonus Romberg

GENITO-URINARY SYSTEM:
Kidneys Genitalia

SKELETAL SYSTEM: Skull Spine
Upper extremities Lower extremities

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

LYMPHATIC SYSTEM:

CHEST X-RAY (Please attach full 3/4 size film)

LABORATORY RECORD:

Urine: Specific gravity Albumin Sugar Microscopic

Blood: Haemoglobin (in grams) If necessary

(if necessary) Erythrocytes (if necessary) PCV

(if necessary) Leucocytes (if necessary) Leucocytes differential count

(if necessary) Blood sedimentation rate

Serological test for syphilis

Stool examination

Other examination (if indicated)

COMMENTS: (Please comment of affirmative answers given by the candidate and summaries abnormal findings)

CONCLUSIONS (on the Candidate's state of Physical and mental health) (Please indicate whether any follow-up is necessary)

Signature of Examining Physicians: 1. ..............................

2. ..............................

3. ..............................

4. ..............................

DATE ..............

द्रष्टव्य:-

प्रयोगशाला तथा अन्य सुविधाहरू नभएको स्थानहरूमा सम्भव भएसम्मको मात्र स्वास्थ्य परीक्षा गरी उपर्युक्त आधारमा स्वास्थ्यको मूल्याङ्कन गर्ने ।

आज्ञाले,

उपरथी छेत्रविक्रम राणा

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 282